8. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 2079-11-28 (BS) March 12, 2023 (AD) 14: 00 Hrs.at the office of Rapti Municipality, Office of Municipal Executive, Chitwan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, \amounting to a minimum of 750000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. All other terms & conditions will be as per prevailing procurement act, Bid Document issued by the employer & regulations of government of Nepal.

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला

## 'मन परेको मान्छे' मा अञ्जली र विमलको रोमान्स

चर्चित लोक गायक बद्री पंगेनी र सुनिता बुढा क्षेत्रीको स्वर रहेको गीत 'मन परेको मान्छे' सार्वजनिक भएको छ। गायक रामचन्द्र बोगटीको शब्द तथा संगीत रहेको गीतमा कृष्ण विक (भान्जा)को एरेन्ज रहेको छ। गीतको भिडियो अञ्जली अधिकारी, विमल अधिकारीको नृत्य देख्न सकिन्छ। थुप्रै कोरस समेत प्रयोग गरिएको भिडियो निकै आकर्षक बनेको छ। एड्भेन्चर ईन्टरटेन्टमेन्टले पोस्ट प्रोडक्सन गरेको भिडियोमा मौसम हिमालीले निर्देशन गरेका हुन्। नवराज उप्रेतीको छायांकन रहेको भिडियो नविन धर्ती मगरले सम्पादन गरेका हुन्।





# प्रविशाको 'परिचय एउटा कथा'मा आकाश

■ प्रभाव संवाददाता




**काठमाडौं–** गीतकार नमिता दवाडीको 'परिचय ! एउटा कथा' बोलको गीतको भिडियो सार्वजनिक भएको छ। गायिका प्रविशा अधिकारीको स्वर रहेको गीतमा ज्ञानेन्द्र गिरीको संगीत तथा विशाल निरौलाको एरेन्ज रहेको छ।

भिडियोले पुरुष शरीर भित्रको महिला मनोविज्ञानमा आधारित तेस्रो लिंगी (एलजिबिटीक्यूए) हरूको अस्तित्वको खोज र जीवन संघर्षको कथालाई देखाउन खोजेको छ। समाजमा तेस्रो लिंगीहरूले भोग्नु परेको पिडा र हेयको दृष्टीमाथिको प्रश्न सार्वजनिक गीतको भिडियोमा उठाइएको छ।

गीतले तेस्रो लिंगीहरूले पनि समाजमा स-सम्मान, समान अधिकार पाएर बाँच्न पाउनु पर्छ भन्ने आशय व्यक्त गरेको गीतकार दवाडी बताउँछिन्। भिडियोमा अभिनेता आकाश श्रेष्ठ, डाक्टर रमिल अधिकारी र कविता रेग्मीको अभिनय देख्न सकिन्छ।

पछिल्लो पुस्ताका स्थापित तथा व्यस्त निर्देशक प्रकाश धितालको अहिलेसम्मकै भिन्न प्रस्तुतीका रूपमा रहेको भिडियोको छायांकन उत्सब दाहालले गरेका हुन् भने सम्पादन विकाश दाहालले गरेका हुन्।

हाल न्युजल्याण्डमा रहेकी गोरखाकी गीतकार दवाडीका यसअघि 'म मजदुर मायाको', 'भन को थियो' बोलका गीतको भिडियो बजारमा आइसकेका छन्। उनको कविता संग्रह 'जीवन नदीको किनारै किनार' पनि प्रकाशित छ।

# 'लालबहादुर द स्पार्क'मा पानीको कथा

**काठमाडौं (प्रस)–** जी मिडिया कनेक्सनको ब्यानरमा निर्मित नेपाली सिरिज 'लालबहादुर द स्पार्क' को ट्रेलर सार्वजनिक भएको छ। देवजंग थापाको लेखन तथा निर्देशन रहेको सिरिजको ट्रेलरमा सरोज खनाल, सुनिल थापा, खड्गबहादुर पुन (खबपु)को अभिनय रहेको छ।

२०७२ सालको विनासकारी भुईचालो पछि पानीको मुहान सुकेको गाउँमा पानी ल्याउन गरेको प्रयासको कथा रहेको सिरिज चार सिजन गरी जम्मा ५२ एपिसोडको रहने र पहिलो सिजन



१३ एपिसोडको रहेको निर्देशक थापाले बताए।

प्रकाश आङ्बुहाङ (हाङबारे) निर्माता रहेको सिरिजमा सरिता राजोपाध्य, लक्ष्मीनाथ सुवेदी, गीता थापा, रामबाबु रेग्मी, अनिता गिरी, जेनिस अधिकारी, रविन विष्ट, विश्व मुखियालगायत कलाकारको पनि अभिनय रहेको छ। नविन डाँगी निर्माण नियन्त्रक रहेको सिरिजमा नरेन्द्र लामा र स्वस्तिमा कार्कीको सह-निर्देशन, प्रनुप थापाको संवाद, इसिसि स्टुडियोको प्रोडक्सन, मदन न्यौपानेको श्रृंगार, विवेक उप्रेतीको सम्पादन र संजिव सुब्बाको संगीत रहेको छ।

फाल्गुन पहिलो हप्ताबाट साप्ताहिक रूपमा प्रसारणमा आउने यो सिरिज जी मिडिया कनेक्कसनको युट्युव च्यानल र एक टेलिभिजनबाट एकसाथ प्रसारण हुने निर्माण पक्षले जानकारी दिएको छ।

# एक सय ५० देशका राष्ट्रगान गाउने रामजीको 'विश्व यात्रा'

■ प्रभाव संवाददाता

**बाग्लुङ–** चोक-चोकका चिया पसलमा होस् वा मेला महोसत्व होस् राष्ट्रगान गुनगुनाउने रामजी नेपालीको लतै बनिसक्यो। उनी नेपालको मात्रै होइन विभिन्न एक सय ५० भन्दा बढी देशका राष्ट्रगान गाउँछन्। उनले हालसम्म ११ वटा देश पुगेर ती देशका राष्ट्रगान गाइसकेका छन्। विश्वका सबै देशको राष्ट्रगान गाउने तयारीमा रहेका उनी हाल ८२ देशका गान गाउने तयारीमा छन्।

जिल्लाको बागलुङ नगरपालिका-६ का ४३ वर्षीय नेपालीले राष्ट्रगान गाउँदै विश्व यात्रामा हिँडेको आठ वर्ष भयो जसले उनलाई विश्वयात्रीका रूपमा स्थापित बनाइसकेको छ।

सन् २०१५ देखि विभिन्न देशको राष्ट्रगान गाएर विश्व यात्रा थालेका नेपाली अहिलेसम्म युरोपका विभिन्न देश, युएई, भारत गरी ११ देशको यात्रा गरिसकेका छन्।

उनी जुन देशमा पुग्छन्, ही देशकै भाषमा राष्ट्र गान गाउँछन्। पछिल्लो २५ वर्षदेखि नेपाली गीत संगीतमा आवद्ध उनले राष्ट्रगानमार्फत् विश्वबन्धुत्वलाई थप बलियो बनाउने बताए।




नेपाललाई अन्तर्राष्ट्रिय पर्यटनसँग जोड्नका लागि आफूले विश्वका विभिन्न देशको राष्ट्रगान गाउँदै हिँडेको बताए। 'हाम्रो देश नेपालमा कैयन धार्मिक तथा पर्यटकीय ठाउँ छन्, अहिलेसम्म यी ठाउँमा अन्तर्राष्ट्रिय पर्यटक आउन सकेका छैनन्, उनीहरूलाई नेपाल ल्याउन, यहाँको पर्यटनलाई विश्वसँग जोड्नका लागि विश्व यात्रा थालेको हुँ', उनले भने, 'विगतमा नेपालीका लागि गाउँथे भने आज विश्वका मानिसका लागि गाइरहेको छु।'

संसार सामू नेपाल चिनाउनका लागि आफूले विश्वयात्रा तय गरेको नेपालीको भनाइ छ। राष्ट्रगानले विश्वलाई एक ठाउँ जोड्ने हुँदा आफू यो अभियानमा लागेको उनले बताए। राष्ट्रगानले आत्मियता बढाउने र भाइचाराको सम्बन्ध बढाउने उनको अनुभव छ।

उनले विश्व यात्राका लागि विभिन्न व्यक्ति तथा सङ्घ संस्थाबाट सहयोग जुटाउँदै आएका छन्।

विश्व यात्रामा लागिरहँदा तितामिठा दुवै अनुभूति रहेको उनी सम्झन्छन्। उनी भन्छन्, 'जसले पनि आफ्नो देशलाई माया गर्छ, त्यसले गर्दा आत्मसम्मानको अनुभूति गर्दा रहेछन् जुन देशको राष्ट्रगान हो त्यही देशको भाषामा गाउँदा उनीहरूलाई गर्व लाग्दो रहेछ त्यसले सम्बन्ध जोड्न मद्दत गर्ने रहेछ।' यात्राका क्रममा उनले पैदल, गाडीदेखि जहाजसम्म जे भेटिन्छ त्यसैमा यात्रा गर्ने गरेका छन्। तर सबैभन्दा पैदल यात्रामा आनन्द हुने उनको अनुभव छ।

## रंगशाला

साफ यू-२० महिला च्याम्पियन

# उपाधिका लागि आज नेपाल र बंगलादेश भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशमा जारी साफ यू-२० महिला च्याम्पियनसिप फुटबलको फाइनलमा नेपालले आज बिहीबार आयोजक बंगलादेशसँग प्रतिस्पर्धा गर्दैछ।

ढाकास्थित विर श्रेष्ठ शहिद सिपाही मुस्तोफा कमल स्टेडियममा नेपालले उपाधिका लागि घरेलु टोलीको सामना गर्नेछ। नेपाल र बंगलादेशबीचको फाइनल खेल साँझ ५:४५ बजे सुरु हुनेछ।

बंगलादेशविरुद्ध मैदान उत्रदा नेपाल उपाधि उचाल्ने योजनामा हुनेछ। तर, घरेलु टोलीविरुद्ध जित निकाल्न नेपाललाई सहज हुनेछैन।

नेपालका मुख्य प्रशिक्षक यम गुरुङले फाइनलमा घरेलु टोलीलाई फाईदा हुने भएपनि कडा प्रतिस्पर्धा गर्ने बताए।

'आयोजक टिमलाई फाईदा छ। तर, हामी विश्वस्त छौँ की राम्रो फाइट गर्छौं,' प्रि-म्याच कन्फरेन्समा गुरुङले भने। बंगलादेशका मुख्य प्रशिक्षक गोलाम रब्बानीले फाइनल प्रतिस्पर्धात्मक हुने बताए। 'फाइनल प्रतिस्पर्धात्मक हुनेछ। खेलका लागि उत्साहित छौँ,' उनले भने।

राउण्ड रोबिनको आधारमा भएको प्रतियोगिताको शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्न लागेको हो। नेपाल दोस्रो स्थानमा रहेर फाइनल पुगेको हो। बंगलादेश भने शीर्ष स्थानमा रहेर फाइनल पुगेको हो।

लिग चरणमा समेत नेपाल र बंगलादेशबीच प्रतिस्पर्धा भएको थियो। उक्त खेलमा नेपाललाई बंगलादेशले ३-१ ले हराएको थियो। फाइनलमा नेपाल पहिलो भेटमा व्यहोरेको हारको बदला लिन चाहन्छ। बंगलादेश भने जितलाई निरन्तरता दिन चाहन्छ।

## चन्द्रकला, संगीता र सरस्वती छनोट

**काठमाडौं (प्रस)–** चन्द्रकला थापा, संगीता सुनार र सरस्वती राना मगर भारतमा आयोजना हुने इबा वर्ल्ड वुमन्स बक्सिङ च्याम्पियनसिपका लागि छनोट भएकी छिन्। नेपाल बक्सिङ संघले सातदोबाटोस्थित बक्सिङ कभर्डहलमा आयोजना गरेको छनोटबाट सरस्वती, चन्द्रकला र संगीता छनोट भएका हुन्।

फेदर वैट ५७ केजी तौल समूहको फाइनलमा आर्मीका चन्द्रकलाले झापाका सुस्मिता राईलाई ५:० अंकको आधारमा पराजित गर्दै छनोट भएकी हुन्। ६० केजी तौलको फाइनलमा एपीएफका संगीताले आर्मीका निरु गुरुङलाई ४:१ अंकको आधारमा पराजित गर्दै छनोट भएकी हुन्।

त्यस्तै मिडिल वैट ७५ केजीको फाइनलमा एपीएफका सरस्वतीले झापाका त्रिसा जवेगुलाई ५:० अंकको आधारमा पराजित गर्दै छनोट भएकी हुन्। च्याम्पियनसिप भारतको राजधानी नयाँ दिल्लीमा मार्च १३ देखि २७ तारिखसम्म आयोजना हुनेछ।

# विराट गोल्डकपको तयारी तीव्र

■ प्रभाव संवाददाता

**विराटनगर–** विराट गोल्डकप ट्रष्टले विराट गोल्डकपको तयारी तीव्र पारेको जनाएको छ। विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला संरक्षक रहेको यो प्रतियोगिता शहीद रंगशालामा चैत ९ गतेदेखि आयोजना हुनेछ। रातिमा फ्लर्ड लाइटमा खेलाइने प्रतियोगितामा ८ टिमले सहभागिता जनाउने छन्।

नेपाली र विदेशी टिमको सहभागीतामा हुने प्रतियोगिताको पुरस्कार राशी पनि बढाउने तयारी भइरहेको विराट गोल्डकप प्रतियोगिताका सिईओ (कार्यकारी निर्देशक) सुवाशीश कोइरालाले जानकारी दिए।

प्रतियोगिता सम्पन्न गर्नका लागि करिब २ करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको छ। प्रतियोगितामा घरेलु टोलीको रूपमा विराटनगर सिटी एफसी रहेको छ। विराटनगर सिटी एफसीले पहिलो संस्करणको नेपाल सुपर लिग (एनएसएल) खेलेको थियो। यसका साथै संकटा, नेपाल पुलिस, त्रिभुवन आर्मी, मच्छिन्द्र र थ्रीस्टारले



खेल्ने पक्का गरिसकेका छन्। कम्तिमा २ वटा विदेशी टिमलाई पनि प्रतियोगितामा समावेश गर्ने गरी तयारी अन्तिम चरणमा पुगेको इभेन्ट म्यानेजर सरोज लम्सालले बताए।

प्रतियोगिताका लागि अहिले विराटनगरको शहीद रंगशाला मर्मतको काम भइरहेको छ। त्यहाँ दिनहु पानी हाल्ने र लेभलिङ गर्नुका साथै प्यारापिटमा पनि काम भइरहेको हो।पूर्वमा फुटबलको संस्कृति विकासका लागि पनि यो प्रतियोगिता कोषे ढुंगा सावित गर्ने उद्देश्यले सबै तयारी अगाडि बढाइएको लम्सालले बताए।

सुरुमा चैत ६ गतेदेखि प्रतियोगिता आयोजना गर्ने गरी आयोजकले तयारी अघि बढाए पनि अखिल नेपाल फुटबल संघ एन्फाले ए डिभिजन लिग आयोजना गर्न लागेकोले ३ दिन पर सरेको हो। एन्फाले पनि मोफसलमा हुने गोल्डकपहरूको क्यालेन्डर सार्वजनिक गरिसकेको छ।

सोही अनुरूप गोल्डकप चैत ९ गतेदेखि १७ गतेसम्म आयोजना हुनेछ। नेपाली र विदेशी टिमको सहभागीतामा हुने प्रतियोगिताको पुरस्कार राशी पनि बढाउने तयारी भइरहेको विराट गोल्डकप प्रतियोगिताका सिईओ (कार्यकारी निर्देशक) सुवाशीश कोइरालाले जानकारी दिए।

# अर्किड कप फुटबल शुक्रबारदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्किड स्कुलको आयोजनामा सातौं अर्किड कप जुनियर ब्वाइज फुटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ।

प्रतियोगितामा आयोजकको २ सहित ३८ टिमको सहभागिता रहने अर्किडका प्रिन्सिपल चोलेन्द्र कार्कीले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। सहभागी हुने टिमहरूमा अर्किड 'ए' र 'बी', गोठाटार, मानांक प्याराडाइस, भीमेश्वर, नाम्स, दर्शना, सांग्रिला, लाइसियम, सीसीएस, बेस्ट ग्रुप




भिजन, कौस्तुभ, हाइली क्रिएटिभ, बाल गीताञ्जली, सनराइस, गोल्डेन बड, एकलब्य, प्रीतिमा, मनकामना, श्रमशील, करियर बिल्डिङ इन्टर नेसनल एकेडेमी, टाइमलाइन, गेट्वे, नेक्सस, विद्यावारी, मोनास्टिक, ग्लोबल, हाइल्यान्ड, अक्षरिका, कौतिल्य, निर्मल ज्योति, पाणिनी, ग्रिनविच, गणेश हिमाल, साम्तेन, न्यु स्टार पोल, विद्या विकास, माउन्ट सेब तथा गुहेश्वर रहेका छन्। गत संस्करणको उपाधि नेक्सस इन्टर नेसनल एकेडेमीले जितेको थियो। नकआउट प्रतियोगिताको विजेताले ३० हजार, उपविजेताले २० हजार, तेश्रोले १० हजार र चौथोले ५ हजार नगद पुरस्कार प्राप्त गर्ने छन्।

प्रतियोगिता सञ्चलन गर्न करिब ५ लाख ५० हजार खर्च हुने अर्किडका सञ्चालक प्रेमकुमार भुजेलले जानकारी गराए। खेलहरू काँडाघारीस्थित अर्किडको आफ्नै मैदानमा हुनेछ।

# टर्की भूकम्प : मृत्यु हुनेको संख्या ११ हजार नाघ्यो



**अंकरा–** टर्की र सिरियाको सीमा क्षेत्रमा गएको विनासकारी भूकम्पमा परी मृत्यु हुनेको संख्या ११ हजार नाघेको दुवै देशका सरकारी अधिकारी तथा उद्धारकर्मीले बुधबार अपराह्न सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले भूकम्पबाट सबैभन्दा बढी प्रभावित क्षेत्रको भ्रमण गरेका छन् । राष्ट्रपतिको कार्यालय स्रोतका अनुसार टर्कीमा भूकम्पमा परी आठ हजार ५७४ जनाको मृत्यु भएको छ । यसअघि देशको टर्कीको विपद् व्यवस्थापन निकायले ४० हजारभन्दा बढी मानिस घाइते भएको जनाएको थियो ।

यसैगरी, सिरियामा कम्तीमा एक हजार २५० जनाको मृत्यु हुनुका साथै दुई हजार ५४ जना घाइते भएको सिरियाली स्वास्थ्य मन्त्रालयले जनाएको छ । सिरियामा विपक्षीको कब्जामा रहेको क्षेत्रमा कम्तीमा एक हजार २८० जनाको मृत्यु हुनुका साथै दुई हजार ६०० भन्दा बढी घाइते भएको उद्धारकर्मीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएका छन् ।

टर्कीको दक्षिणी प्रान्त कहरामनमारसमा स्थानीय समयअनुसार सोमबार बिहान ४:१७ बजे ७.७ म्याग्निच्युडको भूकम्प गएको थियो भने त्यसको केही मिनेटपछि देशको दक्षिणी प्रान्त गाजियान्टेपमा ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यस्तै सोही दिन दिउँसो १:२४ मा ७.६ म्याग्निच्युडको भूकम्प गएको थियो ।

टर्की र सिरियामा सोमबार गएको दुई ठूला र घातक भूकम्पको केन्द्रबिन्दु रहेको कहरमानमारासमा उद्धारकर्मीहरू जीवित व्यक्तिहरूको खोजीका लागि समय र कठ्यांग्रिदो जाडोको सामना गरिरहेका छन् । धेरै देश र विश्वव्यापी सहायता एजेन्सीहरूले भूकम्प प्रभावित क्षेत्रहरूमा उद्धार टोली र राहत सामग्रीहरू प्रदान गरिरहेका छन् ।

यसै क्रममा ८२ सदस्यीय चिनियाँ उद्धार टोली चार्टर्ड विमानबाट आठ हजार किलोमिटरभन्दा बढी उडेर टर्कीको भूकम्प प्रभावित क्षेत्रमा उद्धार कार्यमा सहयोग गर्न बुधबार अदाना विमानस्थलमा आइपुगेको छ । चिनियाँ उद्धार टोलीका उपप्रमुख वाङ मोले भने, 'टोलीले अडियो र भिडियो लाइफ डिटेक्टर, मेडिकल सामग्री र तालिम प्राप्त कुकुरलाई विपद् क्षेत्रमा ल्याउनेछ र तत्काल खोजी तथा उद्धार कार्य सुरु गर्नेछ ।'

उत्तरी सिरियामा पनि असंख्य मानिस घरबारविहीन भएका छन् । क्षतिग्रस्त सडक, प्रतिकूल मौसम, स्रोतसाधन र भारी उपकरणको अभावले सबैभन्दा बढी प्रभावित क्षेत्रमा सहायता परिचालनमा विलम्ब भएको सुरक्षा अधिकारीले स्वीकार गरेका छन् । उनीहरूले उपलब्ध स्रोत, साधनको अधिकतम उपयोग गर्दै यथाशक्य पीडितहरूमाझ पुग्ने प्रतिबद्धता जनाएका छन् । कतिपय क्षेत्रमा इन्धन र बिजुली नहुँदा जीवन अकल्पनीय कष्टकर भएको छ ।

भूकम्पपीडितहरूले खेलस्थल, व्यापार मेला आयोजना गर्ने स्थानका साथै खुला आकाशमुनि आगो बालेर रात गुजारेका थिए । गाजीयान्तेप सहरका बासिन्दाले रंगशाला, किनमेल केन्द्र, मस्जिद र सामुदायिक केन्द्रहरूमा आश्रय लिएका छन् ।

मानवीय सहायता अधिकारीहरूले करिब १२ वर्षको गृहयुद्धपछि मानवीय संकटबाट पीडित सिरियाको अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् । उनीहरूले बालबालिका र महिला अधिक प्रभावित भएका बताएका छन् । अन्तर्राष्ट्रिय समुदायले प्रदान गरेका सहायता सामग्री टर्की पुग्न थालेका छन् । टर्कीलाई अहिले नगदको आवश्यकता परेको अन्तर्राष्ट्रिय सहायता निकायले बताएका छन् । अमेरिकी खोज तथा उद्धार टोली बुधबार टर्की आउने भएको छ ।

युरोपेली संघ, संघमा आबद्ध १३ देशले राहत सामग्रीसहितको उद्धार टोली परिचालन गरेका छन् । मंगबार टर्की र सिरियाका भूकम्पपीडितका लागि चीन, भारत, जापान, फिलिपिन्स, अस्ट्रेलिया, न्युजिल्याण्डलगायत मुलुकले आर्थिक एवं भौतिक सहयोगको घोषणा गरेका थिए । *रासस⁄सिन्हवा*

# अमेरिका–चीन बेलुन प्रकरणः बेइजिङको कडा आपत्ति




**वासिङटन–** बेलुनको विषयलाई लिएर अमेरिका र चीनबीच तनाव बढेको छ । चीनले आफूविरुद्ध जासुसी गर्न आफ्नो आकाशमा बेलुन उडाएको भन्दै अमेरिकाले गत शनिबार त्यसलाई बलपूर्वक खसालेपछि विवाद बढेको हो ।

वासिङटनस्थित चिनियाँ दूतावासका कार्यवाहक राजदूत सु सुयुवानले बेइजिङको निर्देशनअनुसार अमेरिकी विदेश मन्त्रालय र ह्वाइट हाउसको राष्ट्रिय सुरक्षा परिषद्का वरिष्ठ अधिकारीलाई बुधबार भेटेर बेलुन खसालिएकामा कडा आपत्ति जनाएका छन् । वायुको वेग र बहावका कारण अनपेक्षितरूपमा मानवरहित वायुयान अमेरिकी आकाशमा प्रवेश गरेको स्वीकार गर्दै चीनले त्यससम्बन्धमा अमेरिकी पक्षलाई समयमै बारम्बार जानकारी गराउँदासमेत त्यसलाई अमेरिकी पक्षले उपेक्षा गरेर बलपूर्वक बेलुन खसालेकामा खेद प्रकट गरेको छ ।

चिनियाँ कूटनीतिज्ञले भेट गरेका अमेरिकी अधिकारीबारे जानकारी नदिए पनि उनले अमेरिकालाई शान्त र संयमित भएर व्यावसायिक ढंगले परिस्थिति सम्हाल्न आग्रह गरेका छन् । उनले परिस्थितिलाई थप जटिल नबनाउन पनि सम्बद्ध अधिकारीलाई आह्वान गरेका छन् । आवश्यक परे अमेरिकालाई चीनले थप जवाफ दिने पनि उनले बताएका छन् । यद्यपि, कस्तो जवाफ भन्नेबारेमा केही स्पष्ट गरिएको छैन । यसअघि चीनले बेलुन घटना चीनलाई बदनाम गर्ने बहानाका रूपमा प्रयोग गरिएको बताएको थियो । मौसम विज्ञानसम्बन्धी सूचना संकलन गर्न नागरिकस्तरमा उडाइएको उक्त बेलुन वायु बलका कारण काबुबाहिर हुँदा अमेरिकी आकाशमा पुगेको बेइजिङले स्पष्ट गरेको थियो । *रासस⁄सिन्हवा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI SICLI COMPANY

पूर्व स्वीकृति मिति: २०७९/१०/२५ | LT. No.280753 | चलानी नं. ६०१९६२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic And Metal Products Assembly Worker | 2 | 0 | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

कम्पनी : ZAMAN AL-QAIM INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति: २०७९/१०/२५ | LT. No.280716 | चलानी नं. ६०१९६२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1200 | ४२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ४ गते (16th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIVERSAL ROSE GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०७९/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२५ | LT. No. :273653 | चलानी नं.६०१८९०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ४ गते (16th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANA FOR ELECTRICAL & TELEPHONE CO

पूर्व स्वीकृति मिति २०७९/०७/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२५ | LT. No. 275711 | चलानी नं. ६०१९१३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 2 | 0 | 1300 | ४५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Vendor | 1 | 0 | 1500 | ५२,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ४ गते (16th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OPULENCE SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/२२ | LT. No. 280575 | चलानी नं. ६०१९६२९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 7 | 0 | 1500 | ४६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ४ गते (16th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२५ | LT. No. 265846 | चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 10 | 0 | 1000 | ३५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ४ गते (16th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

पाँचथर, फिदिम
प्रदेश नं. १, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/१०/२६**

यस कार्यालयबाट मिति २०७९/०७/०१ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Single Stage Two Envelope बोलपत्र आहवान सम्बन्धी सूचना अनुसार निर्धारित समय भित्र विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरू खोलि प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति२०७९/११/०४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| IDO-PAN-NCB-ROAD-079/80-19 | Upgrading of Saptami-Dashami-Okharbote-Mauwa-Aangna-Lakhuwadobhan Road (Chainage: 0+000 to 14+909 Km) | 1. M/S BKOI/SEWALUNG JV, Taplejung<br>2. M/S Golden Good Shrepa Construction Pvt. Ltd., Kathmandu<br>3. M/S Kharidhunga/Golmeshwor JV, Jawalakhel, Lalitpur<br>4. M/S Mainachuli-Safal JV, Bijulibazar, Kathmandu<br>5. M/S Santoshi-Hari Hari JV, Ratopul, Kathmandu<br>6. M/S SIDDHABABA-RA JV, Shantinagar, Kathmandu<br>7. M/S Himdung & Thokar Co. (P.) Ltd, Kathmandu |

कार्यालय प्रमुख

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०४६०० | प्रति तोला – १०४१०० | प्रति तोला – १३२० |



**तोरी पहेंलै...** | सिन्धुपाल्चोकको मेलम्ची–११ टारका किसानले लगाएको आलु र तोरी। यस क्षेत्रको मुख्य बालीमा आलु, धान, तोरी रहेका छन्।

*तस्बिरः देवराज सुवेदी/रासस*

अर्थमन्त्री पौडेल-सामन्था भेटवार्ता

# 'अमेरिकाको सहयोग र सहकार्यमा निरन्तरता'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएड) का प्रशासक सामन्था पावरबीच बुधबार भेटवार्ता भएको छ।

भेटका अवसरमा प्रशासक सामन्थाले अमेरिकासँग नेपालमात्र सरकार-सरकार (जी-टु-जी) तवरबाट सहायता प्राप्त गर्ने मुलुक रहेको जनाउँदै द्विपक्षीय सहयोग र सहकार्य जारी रहने बताएकी छन्।

अर्थ मन्त्रालयमा सम्पन्न भेटमा उनीहरूबीच नेपाल-अमेरिका बीचको द्विपक्षीय सम्बन्धका विविध विषयमा कुराकानी भएको थियो। भेटमा अर्थ मन्त्री पौडेलले गत वर्ष दुई देशबीचको कूटनीतिक सम्बन्धको ७५औं वर्षगाँठ मनाइएको स्मरण गरे।

नेपालले सन् १९५१ मा 'प्वाइन्ट फोर प्रोग्रम'मा हस्ताक्षर गरेपछि पहिलो पटक वैदेशिक सहायता प्राप्त गरेको र हालसम्म आइपुग्दा दुई देशबीचको विकास साझेदारीले नयाँ उचाइ प्राप्त गरेको उनले भेटमा बताए।

अर्थमन्त्री पौडेलले विकसित देशहरूले अपनाएको कसिलो मौद्रिक नीतिले नेपाल जस्ता कम विकसित देशको अर्थतन्त्रको गतिलाई सुस्त बनाएको तथा विश्वको साझा समस्याको रूपमा रहेको जलवायु परिवर्तनका असरले थप बोझ थपेको बारे पनि प्रशासक पावरलाई जानकारी गराए।

नेपालको सार्वजनिक वित्त प्रणालीलाई विश्वास गरेर सिधैं सरकारको कोषमा सहायता प्रदान गर्ने अमेरिकी सरकारको नीति सकारात्मक रहेको अर्थमन्त्री पौडेलले सो अवसरमा व्यक्त गरेका थिए। नेपालले सन् २०२२ को मे महिनामा युएसएआईडीसँग द्विपक्षीय सहायता सम्झौतामा हस्ताक्षर गरेपछि आगामी पाँच वर्षमा कूल ६५ करोड ९० लाख अमेरिकी बराबरको अनुदान सहायता नेपालको बजेट प्रणालीमार्फत उपयोग गरिने उनको भनाइ छ। उक्त अवसरमा प्रशासक पावरले अमेरिकासँग नेपालमात्र सरकार-सरकार (जी-टु-जी) तवरबाट सहायता प्राप्त गर्ने मुलुक रहेको जनाउँदै द्विपक्षीय सहयोग र सहकार्य जारी रहने बताइन्।

# नेप्से परिसूचकमा सामान्य गिरावट

## ७.१६ अंकले परिसूचक घट्दा पौने ४ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** मंगलबार उच्च अंकको वृद्धि भएको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबार भने घटेको छ। नेप्से परिसूचक सात दशमलव १६ अंकले घटेर दुई हजार एक सय ७० दशमलव १८ अंकमा कायम भएको हो।

बुधबार दुई सय ५७ वटा कम्पनीको एक करोड पाँच लाख दुई हजार छ सय ४९ कित्ता सेयर ५५ हजार छ सय दुई पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ६९ करोड १९ लाख ७२ हजार बराबरको कारोबार भएको छ।

अन्य समूहको उपसूचक सात दशमलव ७५ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बिमा समूहको उपसूचक ५८ दशमलव ६३ र होटल




तथा पर्यटन समूहको उपसूचक ४९ दशमलव ७१ अंकले घटेको नेप्सेले जनाएको छ।

बैंकिङ समूह शून्य दशमलव ७९, विकास बैंक समूह २२ दशमलव ६२, वित्त समूह ३६ दशमलव २५, जलविद्युत् समूह २७ दशमलव ३६ र लगानी समूह शून्य दशमलव १० अंकले घटेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन समूह ४१ दशमलव ९०, लघुवित्त समूह १६ दशमलव ५७, म्युचुअल फन्ड समूह शून्य दशमलव ०७, निर्जीवन बिमा समूह २८ दशमलव ५४ र व्यापार समूह ११ दशमलव ५० अंकले घटेको छ।

सबैभन्दा धेरै तेह्रथुम पावर कम्पनी लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता तीन दशमलव ३२ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता पाँच दशमलव १४ प्रतिशतका दरले गुमाएका छन्। नेपाल पुनर्बीमा कम्पनीको सबैभन्दा धेरै रु ११ करोड २८ लाख ६८ हजार दुई सय ७१ बराबरको सेयर किनबेच भएको छ। कारोबार भएका सेयर सङ्ख्याका आधारमा भने अपी पावर कम्पनी लिमिटेडको तीन लाख ४० हजार पाँच सय ६६ कित्ता सेयर खरिदबिक्री भएको छ।

# मोलुङ हाइड्रोपावरको आइपिओ आउँदै

**काठमाडौं (प्रस)–** मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणका लागि साधारण सेयरको निष्कासन तथा बिक्री खुला गर्ने भएको छ। कम्पनीले आगामी फागुन ४ देखि प्रतिकित्ता रू एक सय अंकित दरमा २२ लाख ६४ हजार छ सय ५५ कित्ता सेयर प्राथमिक सार्वजनिक निष्कासन(आइपीओ)को बिक्री खुला गर्ने भएको हो।

कम्पनीले जारी पुँजी रू ८० करोड २५ लाखको ३४ प्रतिशतको २७ लाख २८ हजार पाँच सय कित्ता सेयरमध्ये दुई लाख ७२ हजार आठ सय ५० कित्ता सेयर वैदेशिक रोजगारीमा रहेका नेपालीलाई र एक लाख ३६ हजार चार सय २५ कित्ता सामूहिक लगानी कोषलाई वितरण गरिसकेको छ। ५४ हजार पाँच सय ७० कित्ता सेयर कम्पनीमा कार्यरत कर्मचारीलाई छुट्याइएको छ।

बाँकी २२ लाख ६४ हजार छ सय ५५ कित्ता सेयरमा सर्वसाधारणलाई लगानी गर्न आह्वान गरिएको कम्पनीले जनाएको छ। निष्कासन गरिने सेयरमा लगानीकर्ताले छिटोमा आगामी फागुन १० सम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे फागुन १८ सम्म न्यूनतम १० देखि अधिकतम आठ हजार कित्तासम्म खरिदका लागि आवेदन दिन सकिने छ।

निष्कासित सेयरमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट 'सि आस्वा' प्रणालीमार्फत तथा अनलाइनमा 'मेरो सेयर' प्रयोग खरिदको आवेदन दिन सकिने छ। कम्पनीलाई ईक्रा नेपालले 'ईक्राएन्पी आईआर बीबी' प्रमाणपत्र प्रदान गरेको छ। धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक सन्राइज क्यापिटल रहेको छ।

कम्पनीले ओखलढुंगाको मोलुङ गाउँपालिकाको मोलुङ खोलामा सात मेगावाट क्षमताको मोलुङ खोला जलविद्युत् आयोजना निर्माण गरी २०७४ चैत १२ बाट विद्युत् उत्पादन गर्दै नेपाल विद्युत् प्राधिकरणलाई प्रवाह गर्दै आएको छ।

# संघर्ष र निरन्तरताका पर्याय हरिशरण

सफलताको कथा



■ प्रभाव संवाददाता

**काठमाडौं–** व्यवसायको दुनियाँमा आफूलाई लामो समयदेखि उच्च स्थानमा पुऱ्याउन र टिकिराख्न सफल मिडिया विज्ञापन एजेन्सी हो, एडी रिलिज। र यो संस्थालाई सदैव सिर्जनशील व्यवस्थापनका नयाँ नयाँ सुत्रहरू प्रतिपादन गर्ने व्यक्ति हुन्, हरिशरण सुवेदी।

मकवानपुरको मनहरि गाउँपालिका वडा नं. ७ मा २०३६ साल फागुन ८ गते आमा सिता र बुवा भक्तबहादुर सुवेदीका ५ दाजुभाइ र २ दिदीबहिनीमध्येका साहिंला सन्तानका रूपमा जन्मिएका सुवेदी सामान्य पारिवारिक पृष्ठभूमिबाट उठेर अहिले नेपालको अग्रणी व्यवसायी बनी आफूलाई स्थापित गरेका छन्।

अधिकांश मिडियाहरूलाई ठूलो परिमाणमा विज्ञापन उपलव्ध गराउने कम्पनीको रूपमा एडी रिलिज स्थापित छ। धेरैजसो टेलिभिजनका वार्षिकोत्सवहरूमा वेस्ट एजेन्सीको उपाधि प्राप्त गरिरहनु एडी रिलिजको विशेषताजस्तै बनेको छ। यसवर्ष पनि सुवेदीले प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यता भएको नेपाल टेलिभिजनको वार्षिकोत्सवमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको हातबाट सम्मानसहित उत्कृष्ट विज्ञापनदाताको अवार्ड प्राप्त गरे।

मिडिया प्लानिङ, क्लाइन्ट सर्भिसिङदेखि मिडिया बाईंग (खरिद) तथा प्रेस रिलिज जारी गर्ने काममा उनको २ दशकको अनुभव खारिएको छ। कार्यक्रम छनोट, प्रोडक्ट एनालाइसिस, कम्पिटिटर एनालाइसिस, संस्था तथा ब्राण्डहरूको प्रोमोसनल क्याम्पेनहरूमा समेत प्रत्यक्ष संलग्न हुँदै विज्ञापन र बजारीकरणको क्षेत्रमा आफूलाई स्थापित गर्न उनी सफल छन्। हरेक काममा आफै अगाडि सर्ने, सानो सानो कुरामा पनि निखार खोज्ने, नयाँ-नयाँ कुरा सिकेर त्यसको प्रयोग गर्ने हरदमको हुटहुटीले गर्दा आज उनी यो उचाइमा आइपुगेका हुन्।

नेपालको सर्वाधिक चर्चित तितोसत्य, मेरी बास्सै, जिरे खुर्सानी, भ्याँइकुटीभ्याँइ, भद्रगोलजस्ता लोकप्रिय कमेडी सिरियलहरू उत्पादन गरी बिक्री वितरण गर्ने सोचको परिकल्पनामा उनको विशेष योगदान रहेको थियो।

उनी यतिमा मात्र सीमित रहेनन्, मिडिया विज्ञापन बजारीकरणमा परिणाममुखी भूमिका निर्वाह गर्नुका साथै फिफा वर्ल्डकप, कृति अवार्ड, टेलिभिजन अवार्डलगायतका इभेन्टसमेत सफलतापूर्वक सम्पन्न गराउनमा समेत उनले महत्वपूर्ण भूमिका खेले।

कर्मलाई जीवनको मुलमन्त्र मान्ने लगनशील स्वभावका उनी आफ्नै केहि गर्नुपर्छ भन्ने विश्वास राख्दै आफूसँगका निकट सिर्जनशिल समूहले २०७० सालमा एडी रिलिज प्रा.लि. दर्ता गरि औपचारिक रूपमा आफ्नै यात्रा प्रारम्भ गरे। प्रतिस्पर्धात्मक बजार र जोखिमका बाबजुद आत्मविश्वास, साहस र दृढताले छोटो समयमा नै एडी रिलिजको सफलता मिडिया उद्योगमा एउटा इतिहास रच्न सफल भएको छ भने ठूलो समूह बन्ने क्रममा अन्य व्यावसायिक भेन्चर पनि समूहमा आवद्ध भएका छन्।

विज्ञापन प्रसारण तथा प्याकेजिंग गर्ने नयाँ-नयाँ तरिकाहरू प्रतिपादन गर्दै विज्ञापनदातालाई यसको प्रभावकारीताबारे विश्वस्त पार्दै विज्ञापनको दायरा बढाउनमा उनले अहम भूमिका खेलिरहेका छन्। नयाँ पिंढीहरूलाई यो उद्योगमा आउन उत्प्रेरित गर्दै विभिन्न कलेज तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नसिप दिंदै बजारमा नयाँ नयाँ रोजगारी आकर्षण गर्न खोजिरहेका छन्। यद्यपि सीप र क्षमता भएका युवाहरू यस पेशालाई चटक्क छोड्दै अन्यत्र लागेकामा उनी चिन्तित छन्। उनी भन्छन्, 'व्यावसायिक सोच भएका सिर्जनशील व्यक्तिहरू यहि क्षेत्रमा लागिराख्दा यो क्षेत्रको व्यावसायिक उचाइ अझै वढ्ने थियो।'

एडी रिलिजप्रति आश्वस्त र ढुक्क देखिएका विज्ञापनदाता भन्छन्, 'उनीहरू कुनै पनि ब्रान्डलाई आफ्नै ब्रान्ड सम्झन्छन् र त्यो ब्रान्डले नयाँ उचाइ नलिँदासम्म हरेक पल नविनतम सोचसहित मिडियाका फरक फरक टुल्स अपनाइरहन्छन्।' शुरुवाती दिनमै नेपालका अब्बल कर्पोरेट हाउसले विश्वास गरेका कारण यसको दायरा अझै बढ्दै गयो। विज्ञापनदाताप्रति सदैव जवाफदेही रहने उनको बानी छ।

उनी मकवानपुर उद्योग वाणिज्य संघलगायत विभिन्न सामाजिक संघसंस्थाबाट थुप्रै सम्मानित भइरहेका छन्। नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, इमेज च्यानललगायतबाट विगत ५ वर्षदेखि निरन्तर उत्कृष्ट विज्ञापनदाताको अवार्ड पनि प्राप्त गरे। यसैगरी उनले भारतको अन्तर्राष्ट्रिय टेलिभिजन अवार्डसमेत पाएका छन्।

२०४१ सालमा स्थानीय राष्ट्रिय प्राथमिक विद्यालयमा कक्षा ५ सम्मको अध्ययनपछि महेन्द्र किरण माध्यमिक विद्यालयबाट २०५४ मा एसएलसी उत्तीर्ण गरी उच्च शिक्षाका लागि काठमाडौंस्थित रत्न राज्यलक्ष्मी क्याम्पसमा भर्ना भइ स्नातक तहसम्मको अध्ययन गरे।

सेक्युरिटीमा काम गरेको एक वर्षपछि २०५७ सालमा एडभरटाइजिंग एभिन्युज नेपालमा आवद्ध भए। एडभरटाइजिंग एभिन्युजमा सेक्युरिटीबाट विज्ञापन क्षेत्रमा प्रवेश गरेका उनी विगत एक दशकदेखि नेपालको अग्रणी विज्ञापन एजेन्सीमा प्रवन्ध निर्देशकका रूपमा सक्रिय छन्।

एडभरटाइजिंग एभिन्यूजमा सामान्य कर्मचारीको हैसियतबाट रिसेप्सनिष्ट, पर्सनल एसिस्टेन्ट, मिडिया एक्ज्युकिटिभ हुँदै मिडिया मेनेजरसम्म बन्न सफल भएका थिए। उनी थप्छन्, 'कुनै पनि पद र काम सानो ठूलो हुँदैन सोचले नै हाम्रो काम र पेशालाई मर्यादिन बनाउने हो। हाम्रो दिमाग नै हेर्नुस न विज्ञान भन्छ नि कन्सस माइन्ड र सबकन्सस माइन्ड बस सन्तुलन आवश्यक छ। अनि राम्रो सोच्न सकिन्छ। राम्रो गर्न सकिन्छ। देश र समाजलाई पनि राम्रो बाटोमा डोऱ्याउन सकिन्छ। यसर्थ सकारात्मक सोच अपरिहार्य छ', उनी भन्छन्।

त्यो बेला एडभरटाइजिंग एभिन्यूज नेपालको लिडिंग एडभरटाइजिंग एजेन्सीको रूपमा स्थापित थियो। यहि अवसर नै सुवेदीका लागि करियरको बलियो जग बन्यो।

सुवेदीले खेलकुदका विभिन्न प्रतिस्पर्धाहरूलाई ब्राण्डिंग र मार्केटिंग गरी नेपालमा खेल क्षेत्रलाई व्यावसायिक बनाउन प्रयास गरे। व्यवसायकै फिफा वर्ल्डकप २०१४ को बजारीकरण गरेर प्रोजेक्टलाई सफल बनाउनु सुवेदीका लागि कोशेढुंगा सावित भयो। यसका साथैसाफ च्याम्पियनसीप फुटबल, आइसीसी अन्तराष्ट्रिय क्रिकेटलगायत राष्ट्रियस्तरको खेलकुदको बजारीकरण गर्ने कार्यलाई अहिले पनि निरन्तरता दिइरहेका छन्।

विश्व प्रसिद्ध आइडल फ्रेन्चाइजअन्तर्गत नेपाल आइडलको पहिलो र तेस्रो संस्करण, द भ्वाइस अफ नेपालको पहिलो संस्करणका साथै मौलिक नेपाली रियालिटि शो कमेडी च्याम्पियन (दोस्रो संस्करण) को कुशल बजारीकरणको नेतृत्व गरेका सुवेदीले पछिल्लो समय भारतीय रियालिटि फ्रेन्चाइज सारेगमप लिटल च्याम्प्स् नेपालको विज्ञापन सर्वाधिकारको जोखिम लिंदै त्यसलाई सफल बनाउन प्रमुख भूमिका खेलेका थिए। तत्पश्चात अर्को सुप्रसिद्ध भारतीय रियालिटी शो सुपर डान्सरको नेपालमा फ्रेन्चाइज चलाउने सर्वाधिकार लिई कार्यक्रमको सफल उत्पादन, विक्रिवितरण तथा बजार व्यवस्थापनको आँट गर्नु आफैमा जबरजस्त निर्णय र प्रदर्शन थियो।

कार्यक्रमलाई सफलताको सिंढी चढाइ कार्यक्रमलाई सुपरहिट बनाउन प्रख्यात बलिउड स्टार गोविन्दालाई अतिथिको रूपमा ल्याए। मौलिक कार्यक्रममार्फत नेपाली कलाकारलाई माया गर्दै दर्शकसामु उत्कृष्ट कार्यक्रम पस्कन चर्चित कमेडी श्रृंखला 'सक्किगोनी' को डिजिटल सर्वाधिकार लिई इ.एच. डिजिटल युट्युव च्यानलमार्फत प्रशारण गर्ने श्रेय पनि सुवेदीलाई जान्छ।

हाल एडी रिलिजसँगै एडभर्टिजमेन्ट रिलिज, टेलिजेन्ज प्रालि र एभरेस्ट हेडलाइन्स गरी चार ओटा कम्पनी एकसाथ संचालन गरेका उनी सोसल मिडियाको युग भन्दा अनलाइन र त्यसभन्दा पनि रेडियो, टेलिभिजन विज्ञापन प्रसारणका अनेक उपाय प्रयोग गरिरहेका छन्। रेडियो वा टेलिभिजनमा बज्ने विभिन्न फरक सामग्रीहरूलाई कसरी प्याकेजिंग गर्ने अनि त्यसलाई कसरी व्यावसायीकरण गर्ने भन्ने विषयमा उनले गरेको प्रयोग आजका दिनमा पनि सान्दर्भिक र व्यावहारिक रहेको सिद्ध भएको छ।

विज्ञापनदातालाई नयाँ नयाँ प्लेटफर्म उपलब्ध गराउन निपुण छन्, सुवेदी। बजारले के खोजेको छ ? दर्शक के चाहन्छन् ? र अहिलेको मार्केटिंग ट्रेण्ड कस्तो चल्दैछ भन्नेमा उनी हरदम सजग छन्। उनले आफ्नो सीप निखार्नका लागि भारत, अमेरिका, बेलायत, जापान, सिंगापूर, दुबई, अस्ट्रेलिया र युरोपका विभिन्न देशमा भ्रमण गरेका छन्।

नेपाल विज्ञापन संघका कार्यकारी सदस्य, नेपाल उद्योग वाणिज्य महासंघको सूचना तथा सञ्चार प्रविधि विकास समितिका सदस्यको रूपमासमेत आबद्ध रहि आफ्नो अनुभवलाई फराकिलो बनाउन उनी अझै पनि प्रयत्नशील छन्। व्यावसायिक क्षेत्रमा सक्रिय रहेका उनी मनहरी युवा क्लबका सल्लाहकार र लायन्स क्लव अफ काठमान्डु शताव्दीको सदस्यका रूपमा सामाजिक क्षेत्रमा पनि सक्रिय छन्।

दुःखमा हतोत्साही नहुन र सुखमा संयम अपनाउन धर्मपत्नी लक्ष्मी भट्ट सुवेदीले सदैव सल्लाह दिइरहिन्। परिवारको सत्कर्मरूपी संस्कार र सकारात्मक उत्प्रेरणाले २०५७ सालपछि हरिले पछाडि फर्कनु परेको छैन। सुवेदी दम्पतीका हाल दुई सन्तान छन्।



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रणः एक्सप्रेस कलर प्रेस,  कार्यालयः काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com,  विज्ञापनका लागिः marketing2prabhab@gmail.com,  प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की,  सम्पादकः विष्णु तामाङ